# छायाँनाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गमगढी मुगु

पत्र संख्या : २०८०/०८१
चलानी नं. : २३०९

कर्णाली प्रदेश, नेपाल

मितिः २०८१।०३।२४
नेपाल संम्वत् ११४४ दिल्लाथ्व३ सोमवार

श्री जिल्ला सहकारी संघ लिमिटेड,सबै,
श्री सहकारी संघ सबै
छायाँनाथ रारा नगरपालिका कार्यक्षेत्र ।

**विषयः – COPOMIS मा सहकारीको समिष्टगत भर्ने /भराउने सम्बन्धमा ।**

देशभरका सबै सहकारी संघसंस्था एकिकृत अभिलेख राख ,नियामक निकायहरुमा विधुतीय सुचना व्यवस्थापन प्रणाली मार्फत प्रतिवेदन पठाउने तगायतका कार्यका लागि विगत केही बर्षदेखि सहकारी विभागले एकिकृत व्यवस्थापन सुचना प्रणाली ( COPOMIS ,WWW.COPOMIS.GOV.NP) संचालनमा ल्याएको व्यहोरा विदितै छ ।

उक्त व्यवस्थापन सुचना प्रणालीलाई कार्यन्वयन गर्नुपर्ने कानुनी व्यवस्थाको सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ७२ मा सहकारी संघसंस्थयाले विभिन्न विवरण र काम कारवाहीको अभिलेख तोकिए बमोजिम सुरक्षित राख्नु पर्ने तथा दफा ७३ मा सहकारी संघसंस्थाले ७३ (१)क-ज मा उल्लेखित विवरण सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्ने छ भनी उल्लेख भएको छ । सहकारी नियमावली,२०७५ को नियम २८ को उपनियम (१) सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेख विभागले तोकेको तरिका र ढाँचामा राख्नु पर्ने छ भन्ने व्यवस्था गरेको छ । साथै सोही नियमको उपनियम (४)मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सुचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्ने छ भन्ने कानुन व्यवस्था रहेको छ ।

उल्लेखित कानुनी व्यवस्थाका अतिरिक्त सहकारी ऐन २०७४ को दफा १५०क. बमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन ,२०७४ को निर्देशन नम्बर २९ र सहकारी संघसंस्थाहरुको सुपरीवेक्षण,निरीक्षण तथा अनुगमन निर्देशिका,२०७७ को दफा घ मा समेत सहकारी व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य आवद्धता सम्बन्धी व्यवस्था गर्नुका साथै सहकारी संस्थाले प्रत्येक महिनाको गतेभित्र मासिक,प्रतयेक चौमासिक अवधि व्यतित भएको पन्ध्र दिनभित्र चौमासिक र प्रत्येक आर्थिक बर्ष व्यतित भएको तिस दिनभित्र बार्षिक वित्तिय प्रतिवेदन रजिष्ट्रारले तोकिएको ढाँचामा एकिकृत व्यवस्थापन सुचना प्रणाली ( COPOMIS ) मा दाखिला गर्नु पर्ने कानुनी व्यवस्था अनुसार निरन्तर रुपमा अभिलेखीकरण गर्नुहुन अनुरोध छ ।

यसका साथै सहकारी सम्बन्धी नीति तथा योजना निर्माण गर्न सहकारी क्षेत्रको तथ्यांकको अति आवश्यता रहेकोले सहकारी संघसंस्थाको तथ्यांक तथा विवरणहरु बार्षिक रुपमा एकपटक अनिवार्य रुपमा प्रविष्ट गर्ने कार्यमा आफ्नो संघमा आवद्ध संघ/संस्थालाई कोपोमिस प्रणाली (WWW.COPOMIS.GOV.NP) मा आवद्ध गराई नयाँ थप गरिएको समिष्टगत विवरण फार्म भर्नुपर्ने विषयको परिपत्र /जानकारी गराई दिनुहुन र संघसंस्थाले समिष्टगत विवरणमा प्रविष्ट गर्दाको दिनसम्मको यथार्थ विवरण आ.व.२०७८।०७९ को आषाढ मसान्तसम्म र प्रत्येक आर्थिक बर्षको माघ मसान्त भित्र अनिवार्य रुपमा भर्ने भराउने कार्यमा आवश्यक सहयोग समन्वय र सहकार्यका लागि मिति २०७९।०२।०९ को निर्णयानुसार सबैपक्षसंग यस नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

पुनश्च यस सम्बन्धी सुचना सहकारी विभागको वेभसाईट WWW.DEOC.GOV.NP र WWW.COPOMIS.GOV.NP मा समेत हेर्न सकिने छ । USER NAME र PASSWORD नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक निकाय वा सहकारी विभागमा सम्पर्क गरी USER NAME र PASSWORD लिन सकिनेछ । सहकारी विभागको इमेल ठेगाना SAHAKARIBIVAG@GMAIL.COM मा संघसंस्थाको नाम,दर्ता नम्बर र आधिकारिक इमेल बढीमा ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनु हुन समेत अनुरोध गरिन्छ ।सोको जवाफ बढीमा तिनदिनभित्र उपलब्ध गराइनेछ ।

पशुपति शाही
रजिष्टार

**बोधार्थ**
श्री भुमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिहंदरवार,काठमाडौं ।
श्री आन्तरिक राजश्व विभाग ,लाजिम्पाट,काठमाडौं ।

**"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"**

फोन नं. ०८७-४६०२५२,४६०२५३,४६०२५४ Email : info@chhayanathraramun.gov.np, Website: www.chhayanathraramun.gov.np

CamScanner

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

पत्र संख्या : २०८०/०८१
चलानी नं. : 2302

कर्णाली प्रदेश, नेपाल


मितिः २०८१।०३।२४
नेपाल संम्वत् ११४४ दिल्लागाव्व ३ सोमबार

**कोपोमिस प्रणालीमा अनिवार्य आवद्ध हुने आउने सम्बन्धि अत्यन्त जरुरी सुचना**

प्रकाशित मितिः २०८१।०२।३१

सबै सहकारी संस्थाहरुले यस विभागले तोकेको एकिकृत व्यवस्थापन सुचना प्रणाली ( कोपोमिस COPOMIS ) मा अनिवार्य रुपमा आवद्ध भई विवरण प्रविष्ट गर्नु पर्ने भनी सहकारी ऐन २०७४ ( संशोधन सहित ,२०८०) को दफा ७३ को उपदफा १ (क ) ले व्यवस्था गरेको र नेपाल सरकारको आर्थिक बर्ष २०८१/२०८२ को नीति तथा कार्यक्रममा समेत महत्वका साथ उल्लेख भएको छ । यस कार्यालयबाट पटक पटक निर्देशन हुँदा समेत सबै सहकारी संघसंस्थाहरुले हालसम्म पनि उक्त प्रणालीमा आवद्ध भई विवरण प्रविष्ट गरेको नदेखिएकोले१ महिनाभित्र अनिवार्य रुपमा कोपोमिस प्रणालीमा आवद्ध भई तोकिए बमोजिमको विवरण प्रविष्ट गर्नु हुन जानकारी गराईन्छ । अन्यथा कानुन बमोजिम दर्ता खारेजी सम्मको कारवाही गरिने व्यहोरा समेत यसै सुचना मार्फत सुचित गरिन्छ ।

थपजानकारीको लागि ९८५८३२२७५४ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

पशुपति शाही
रजिष्टार
छायाँनाथ रारा नगरपालिका
गमगढी मुगु



CamScanner